"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल

Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):

चलानी नं. (Reg. No.):

मिति २०८१।०२।१४ गते

ने.स.११४४ बछलागा चतुर्थी सोमबार

### गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुने सम्बन्धि सूचना ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको चालु आर्थिक वर्ष २०८०।२०८१ को स्वकृित वार्षिक कार्यक्रम अन्तर्गत महालक्ष्मी नगरपालिका भित्र स्थायी बसोबास गर्ने गृहिणी महिलाहरुको लागी उद्यमशीलता र सशक्तिकरणको माध्यमबाट गृहिणी महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरण र क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले लघु उद्यम संग सम्बन्धित पेशा तथा व्यवसाय (ब्युटिसियन, अचार र गुन्द्रुक बनाउने, मैन बत्ती बनाउने, पराल एवम बेतबाँस जन्य सामाग्री निर्माण, मौरी पालन, घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय, निर्माण, कृषि सेवा, विधुतिय वायरिङ, हस्तकला तथा तयारी पोसाक, खाद्य सामाग्री प्रशोधन र सूचना तथा प्रविधिको क्षेत्रसँग सम्बन्धित) र स्थानीय परिवेश अनुसार सान्दर्भिक पेशा र ब्यवसायका लागि तालिमका साथै आवश्यक सहयोग तथा सहजीकरण गर्न **"गृहणी महिला सशक्तिकरण कार्यक्रम"** कार्यान्वयनका लागी यस नगरपालिका छनौट भई सम्झौता समेत भैसकेको हुँदा उक्त कार्यक्रममा सहभागिताको लागी यस नगरपालिका भित्र १० वटै वडाका इच्छुक गृहिणी महिला समूहहरुले **७ दिन** भित्र कार्यालय समय भित्र सम्बन्धित वडामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सहभागी छनौटका आधारहरु :**

कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्न इच्छुक महिला समूहले देहाय बमोजिमको प्रकृया पुरा गरेको हुनुपर्ने छ ।

- गृहिणी महिला वा गृहिणी महिलाको समूह गठन गरी स्थानीय तहको वडा कार्यालयमा दर्ता गरेको हुनु पर्ने ।
- महालक्ष्मी नगरपालिका भित्र स्थायी रुपमा बसोबास भएको ।
- अन्य कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको ।
- २० देखी ५५ वर्ष उमेर भित्रको हुनु पर्ने ।
- कार्यक्रममा सहभागी छनौट गर्दा देहायको प्राथमिकताक्रम अनुसार छनौट गरिने छ ।
  - विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक महिला ।
  - शहिद परिवार, एकल महिला, द्धन्दपीडित र अपांगता भएका महिला ।
  - इच्छुक बेरोजगार र आर्थिक रुपले विपन्न महिला ।
- वडागत रुपमा प्राप्त भएको आवेदनहरु आवश्यकता र औचित्यताका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही रकम समेत तोकी निर्णय गर्ने अधिकार महालक्ष्मी नगरपालिकामा रहनेछ ।
- म्याद नाघी आएको र आवश्यक प्रकृया पुरा नभएको प्रस्ताव उपर कार्यवाही हुनेछैन ।

ध्रुव प्रसाद अधिकारी
अधिकृत आठौं

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३

Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np